## खत्याड गाउँपालिकाको विनियोजन ऐन २०८०

**प्रस्तावना:**

खत्याड गाउँपालिकाको ०८०/०८१ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप.धारा (२) बमोजिम खत्याड गाउँ सभाले यो ऐन बनाएको छ ।

१) संक्षिप्त नाम प्रारम्भ: (१) यस ऐनको नाम "खत्याड गाउँपालिकाको विनियोजन ऐन २०८०" रहेको छ ।

२) ऐन तुरन्त लागु हुने छ ।

३) आर्थिक वर्ष ०८०/०८१ को लागी संचित कोषबाट रकम खर्च गर्ने अधिकार :

(१) आर्थिक बर्ष ०८०/०८१ को लागी गाउँ कार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागी अनुसुची १ मा उल्लेखीत चालु खर्च, पूजिगत खर्च, र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५९,५०,११,५८४। अक्षरुपी उनान्साठी करोड पचास लाख एघार हजार पाँच सय चौरासी मात्र मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

४) विनियोजन:

(१) यस ऐन द्वारा संचित कोषबाट खर्च गर्ने र : (१) आर्थिक बर्ष ०८०/०८१ को निमित्त गाउँ कार्यपालिका,वडा कार्यालय,विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागी विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागी विनियोजन गरिएको रकम मध्ये कुनै मा बचत हुने र कुनैमा अपुग हुन जाने देखिन आएमा गाउँकार्यपालिकाले वचत हुने शिर्षक बाट नपुग हुने शिर्षकमा रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शिर्षक बाट सोही शिर्षक को जम्मा रकमको १० प्रतिशतमा नबढाउने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकमान्तर गरि निकासा र खर्च जनाउन सकिने छ । यसरी रकमान्तर गर्दा पुँजिगत खर्च शिर्षक बाट चालु खर्चमा रकमान्तर गर्न सकिने छ भने चालु खर्च शिर्षक बाट पुजिगत खर्च शिर्षकमा रकमान्तर गर्न सकिने छैन ।

वित्तिय व्यावस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षक मा बाहेक अन्य चालु तथा पुँजिगत खर्च शिर्षक तर्फ सार्न तथा खर्च गर्न सकिने छैन । वितिय व्यवस्था अन्र्तगत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।तर चालु तथा पूजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च ब्याहोर्न एक स्रोतबाट अर्को स्रोतमा स्रोतान्तर गर्न सकिने छ ।

३)उपदफा (२)मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृत लिनु पर्ने छ ।

अनुसुची १

दफा २ संग सम्बन्धित

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचित कोषबाट विनियोजित हुने रकम

रु हजारमा

Ss

| क स | विवरण | शीर्षकको नाम | चालु खर्च | पुजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा रु |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ |
| १ | निशर्त अनुदान | गाउँ कार्यपालिका | | | | ० |
| | | वडा समिति शाखा | | | | ० |
| | | ऋणको सावा ब्याज भुक्तानी | | | | ० |
| | | लगानी (शेयर /ऋण ) | २५४६०० | १८१०० | | २७२७०० |
| २ | शसर्त अनुदान | गाउँ कार्यपालिका | | | | |
| | | वडा समिति शाखा | | | | |
| | | ऋणको सावा ब्याज भुक्तानी | | | | |
| | | लगानी (शेयर /ऋण) | | | | २७००० |
| ३ | आन्तरिक राजश्व परिचालन | आगामी वर्षको अनुमान | २७०० | | | |
| | | आन्तरिक स्रोत बैंक मौज्दाद | | | | |
| | | ऋणको सावा ब्याज भुक्तानी | | | | |
| | | लगानी (शेयर /ऋण) | | ११५०० | | ११५०० |
| ४ | संघीय समपुरक अनुदान | गाउँ कार्यपालिका | | ७००० | | ७०००० |
| ५ | संघीय विषेश अनुदान | गाउँ कार्यपालिका | १०५८५ | २२००० | | ३२५८५ |
| ६ | प्रदेश शसर्त अनुदान | गाउँ कार्यपालिका | | ९००० | | ९००० |
| ७ | प्रदेश समपुरक अनुदान | गाउँ कार्यपालिका | | २००० | | २००० |
| ८ | प्रदेश विषेश अनुदान | गाउँ कार्यपालिका | ९२४१३।४३२ | | | ९१८४१।३ |
| ९ | राजश्व बाँडफाँड (संघीय) | गाउँ कार्यपालिका | | १०३३०० | | १०३३०० |
| १० | संघीय समानिकरण अनुदान | गाउँ कार्यपालिका | | | | १२३६६ |
| ११ | प्रदेश समानिकरण अनुदान | गाउँ कार्यपालिका | | १२३६६ | | ४९४४७१५२ |
| १० | संचित कोषमा मौज्दात रकम | गाउँ कार्यपालिका | १९५२८।७७३ | २९९१८।३९७ | | [illegible] |